लुम्विनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

आ.व. २०८२/८३ को स्वास्थ्य कार्यक्रमहरुको

प्रदेश स्तरीय वार्षिक समीक्षा पश्चात

# देउखुरी घोषणापत्र २०८३

**हामी, लुम्बिनी प्रदेशका स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सरकारी निकाय, विकास साझेदार, स्वास्थ्यकर्मी तथा सरोकारवाला संस्थाहरू, प्रदेशका नागरिकलाई गुणस्तरीय, समतामूलक, पहुँचयोग्य तथा दिगो स्वास्थ्य सेवा सुनिश्चित गर्ने प्रतिबद्धतासहित देहाय बमोजिम घोषणा गर्दछौं:**

**घोषणा बुँदाहरू**

१. स्थानीय जडीबुटीको संरक्षण, संवर्द्धन तथा दिगो उपयोगलाई प्रवर्द्धन गर्दै प्रदेश आयुर्वेद औषधि उत्पादन केन्द्र स्थापना तथा सञ्चालन गरी आयुर्वेदिक औषधिको उत्पादन र आत्मनिर्भरतामा जोड दिइनेछ।

२. कपिलवस्तु, बाँके र बिजौरीलाई आरोग्य तथा स्वास्थ्य पर्यटनका प्रमुख गन्तव्यका रूपमा विकास गरिनेछ। साथै कपिलवस्तु आयुर्वेद चिकित्सालयलाई बृहत् लुम्बिनी धार्मिक क्षेत्रको महत्व झल्किने गरी पंचकर्म, योग, ध्यान तथा पुनर्स्थापना सेवासहितको विशिष्टीकृत केन्द्रका रूपमा विकास गरी अन्तर्राष्ट्रिय स्वास्थ्य पर्यटन प्रवर्द्धन गरिनेछ।

३. प्रदेश सरकार मातहत रहेका अस्पतालहरुको बायोमेडिकल औजार उपकरणको उच्चतम उपयोगका लागि बायोमेडिकल औजार उपकरणको अडिट गरिनेछ र प्रदेशमा रहेको बायोमेडिकल वर्कसपलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

४. अस्पतालबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चितताका लागि क्लिनिकल अडिट लुम्विनी प्रादेशिक अस्पतालमा विस्तार गरिनेछ ।

५. प्रदेशको Digital Health Road Map तयार गरी साझेदार संस्थाहरुसँगको सहकार्यमा प्रदेश मातहतका अस्पताल तथा आयुर्वेद चिकित्सालयमा पूर्ण रुपमा विद्युतिय अभिलेख प्रणाली (EMR) स्थापना गरिनेछ साथै स्थानीय तहका स्वास्थ्य संस्थाहरु र प्रदेश भित्रका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा विद्युतीय स्वास्थ्य सूचना प्रणाली (eHMIS/eAHMIS) निरन्तरता तथा विस्तार गरिनेछ।

६. सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य सुधार गर्न "सुरक्षित मातृत्व अभियान" लाई प्रभावकारी रुपमा संचालन गरिनेछ । फ्यामिलि हेल्थ प्रोफाइल कार्यक्रमलाई स्थानीय तहहरुसंगको समन्वय र सहकार्यमा रुपन्देही जिल्लाका ८ वटा स्थानीय तह र प्यूठान जिल्लामा विस्तार गरिनेछ ।

७. स्वास्थ्य प्रणालीमा उपलब्ध विभिन्न तथ्य तथा तथ्याङ्कलाई एकीकृत गरी प्राथमिक स्वास्थ्य सेवा ड्यासबोर्ड विकास गरिनेछ तथा तथ्यमा आधारित नीति, योजना, बजेट तथा निर्णय प्रक्रियालाई संस्थागत गरिनेछ।

८. नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्याको बढ्दो भार न्यूनीकरण गर्न स्वास्थ्य प्रवर्द्धन, रोकथाम तथा व्यबस्थापनलाई सुदृढ बनाइनेछ। साथै स्थानीय तथा प्रदेश तहका स्वास्थ्य संस्थामा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा मार्फत जाँच, निदान, उपचार तथा फलोअप सेवाको सुनिश्चितता गरिनेछ। स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरुमा सुर्तिजन्य पदार्थ र अस्वस्थकर खानापिन निषेधित गरिनेछ साथै स्थानीय जडिवुटि चियालाई प्रबर्द्धन गरिनेछ ।

९. बहुक्षेत्रीय समन्वय तथा साझेदारीलाई संस्थागत गर्दै बालबालिका तथा महिलामा विद्यमान कुपोषणको अवस्था न्यूनीकरण तथा रोकथाम गर्न जीवनचक्रमा आधारित पोषण प्रवर्द्धन, स्थानीय खाद्य संस्कृतिको संरक्षण तथा व्यवहार परिवर्तनमा आधारित बृहत् पोषण अभियान सञ्चालन गरिनेछ।

१०. स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरुमा रहेको आ ब २०८१।८२ सम्मको बेरुजु मध्ये असुल गर्नपर्ने वेरुजु करिव ७% र पेश्की बेरुजु ९% रहेकोले सो असुल गर्नुपर्ने वेरुजु र पेश्की वेरुजु शुन्यमा झारिनेछ तथा नियमित गर्नुपर्ने बेरुजु ५०% मा झारिनेछ ।

११. तीन तहका स्वास्थ्य संस्थाहरु वीच हुने प्रेषण कार्यलाई व्यबस्थित गर्न जवाफदेही तथा क्रियाशिल प्रेषण प्रणाली प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१२. प्रदेश अस्पताल विकास समितीको आर्थिक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३. प्रदेशका विभिन्न समुदायमा रहेका थालसेमिया, सिकेलसेल तथा हेमोफेलियाका बाहक तथा विरामीहरुको प्रभावकारी अभिलेखिकरणका लागि वायोमेट्रिक सहितको विद्युतीय अभिलेख प्रणाली स्थापना गरिनेछ ।

## प्रतिबद्धता

**यस घोषणा पत्रमार्फत हामी लुम्बिनी प्रदेशमा सबै नागरिकका लागि स्वस्थ जीवन, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य प्रवर्द्धन, रोग रोकथाम तथा दिगो स्वास्थ्य प्रणाली निर्माणका लागि उल्लेखित प्रतिबद्धताहरू कार्यान्वयन गर्न साझा संकल्प व्यक्त गर्दछौं।**